नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)

प्र.जि.अ: ☎ ०७८-५२०२०१
☎ ०७८-५२०११७
Email: daonawalparasiwest@gmail.com

प.सं. प्रशा. ०७९/०८०
चलानी नं. ६४५५

मितिः २०८१।०३।३१

विषयः त्रैमासिक प्रगति प्रतिवेदन पठाइएको सम्बन्धमा ।

श्री गृह मन्त्रालय,
सिंहदरबार, काठमाण्डौं ।

प्रस्तुत विषयमा सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५ र सुचनाको हक सम्बन्धी नियमावली,२०६५ को नियम ३ बमोजिम प्रकाशित गर्नुपर्ने स्व-प्रकाशनको यस कार्यालयबाट २०८१ बैशाख १ गते देखि आषाढ मसान्त सम्मको त्रैमासिक प्रगति प्रतिवेदन फाराम पाना (११) यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

..........................
(स्किम श्रेष्ठ)
प्रमुख जिल्ला अधिकारी
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
प्र.जि.अ: ☎ ०७८-५२०२०१
☎ ०७८-५२०११७
Email: daonawalparasi@gmail.com

प.सं. प्रशा. २०८०/८१
चलानी नं.:

मितिः २०८१।०३।३१

## विषयः त्रैमासिक प्रगति विवरण (PROACTIVE DISCLOSURE)

सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५ को उपदफा (३) र सुचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम यस कार्यालयबाट मिति २०८१ वैशाख १ गतेदेखि आषाढ मसान्तसम्म तीन (३) महिना अवधिका सूचनाहरू सोही ऐनको दफा ५ को उपदफा (४) बमोजिम देहाय अनुसार प्रकाशन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

### क. जिल्ला नवलपरासी (ब.सु.प.) तथा जिल्ला प्रशासन कार्यालयको स्वरुप र प्रकृतिः

- जिल्लाको सामान्य परिचयः

२०१८ सालमा पूर्वको नवलपुर र पश्चिमको परासी क्षेत्र गाभी यस जिल्लालाई नवलपरासी नामाकरण गरिएको हो । त्यसभन्दा अघि यस जिल्लालाई बुटवल जिल्लाको पाल्ही माझखण्ड भनिन्थ्यो ।

मिति २०७४।०७।१९ गतेदेखि यो जिल्ला नवलपरासी (बर्दघाट-सुस्ता पूर्व) र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) गरी दुई जिल्लामा विभाजन भएपश्चात् यो जिल्ला नवलपरासी (ब.सु.प) को रुपमा रहेको छ । पूर्वमा नवलपरासी (बर्दघाट-सुस्ता पूर्व), पश्चिममा रुपन्देही, उत्तरः- पाल्पा र दक्षिणमा भारतको यु.पी. र बिहार राज्य पर्दछ । जिल्ला विभाजन पश्चात २ वटा प्रतिनिधि सभा निर्वाचन क्षेत्र रहेको यस जिल्लाको कूल क्षेत्रफल ७३८ वर्ग कि.मी. र खेतीयोग्य जमिन ७०,१४३ हेक्टर रहेको छ । जिल्लाको कूल जनसंख्या ३,३८,८६८ मध्ये पुरुष १,८८,१८२ महिला १,९८,६८६ छन् । यस जिल्लामा ३ वटा नगरपालिका (बर्दघाट, सुनवल र रामग्राम) र ४ वटा गाउँपालिका (सुस्ता, प्रतापपुर, सरावल र पाल्हीनन्दन) छ भने भारतसँग यस जिल्लाको दशगजा क्षेत्र २८.२ कि.मी. रहेको छ । यस जिल्लाको प्रमुख नदीनालामा नारायणी, प्रमुख खोला नालामा तुरिया, झरही, धनेवा र प्रमुख तालमा नन्दन ताल पर्दछ ।

- कार्यालयको संक्षिप्त परिचयः

नेपालमा २००७ सालको राजनीतिक परिवर्तन पश्चात् देशको आन्तरिक कार्यको व्यवस्थापन हेर्ने गरी नेपालमा २००७ सालमा गृह मन्त्रालय स्थापना भयो । वि.सं. २०१७ सालको परिवर्तन पछि गृह मन्त्रालयको नाम परिवर्तन गरी गृह पञ्चायत मन्त्रालय बनाइयो । वि.सं. २०१८ सालमा



प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
प्र.जि.अ: ☎ ०७८-५२०२०१
☎ ०७८-५२०११७
Email: daonawalparasi@gmail.com

प.सं. प्रशा. २०८०/८१

नेपाललाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गरी अञ्चलाधिश र प्रमुख जिल्ला अधिकारीको व्यवस्था भयो। स्थानीय प्रशासन ऐन २०२८ प्रारम्भ भएपछि अञ्चलाधिश र प्रमुख जिल्ला अधिकारीको काम, कर्तव्य र अधिकार कानूनी रुपमा व्यवस्थित गरियो । वि.सं. २०३७ सालमा गृह मन्त्रालयबाट पञ्चायत सम्बन्धी काम छुट्टयाई सो सम्बन्धी काम हेर्ने छुट्टै स्थानीय विकास मन्त्रालयको गठन भएपनि गृह मन्त्रालयको मुख्य कार्यभार शान्ति सुव्यवस्था र स्थानीय प्रशासन भयो।

मुलुकमा सार्वभौम, अखण्ड, शान्त, समुन्नत, शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ धन र स्वतन्त्रताको संरक्षण गर्नु गृह प्रशासनको मुख्य कार्य हो । गृह प्रशासनलाई सबल र सक्षम बनाई जनतामा सुरक्षाको अनुभुति दिलाउन र सेवा प्रवाहलाई प्रभावकारी बनाई सुशासन कायम गर्न स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम) जिल्लाको शान्ति सुरक्षा अमनचयन कायम गर्न तथा जिल्लास्थित अन्य कार्यालयहरूसँग समन्वयकारी भूमिका निर्वाह, विकास तथा सुशासन कायम गर्ने जिम्मेवारीका साथ वि.सं. २०२८ सालमा स्थापना भई निरन्तर रुपमा सञ्चालन हुँदै आएको निकाय जिल्ला प्रशासन कार्यालय, नवलपरासी (ब.सु.प.) हो । मुख्यतया यस कार्यालयले नेपाल सरकार कार्यविभाजन नियमावली २०७४ निर्दिष्ट गरेका गृह प्रशासनका सम्पूर्ण अधिकार क्षेत्रभित्र रहेर काम गर्दै आएको छ जसमा संघ, प्रदेश र स्थानीय तहहरूबीच समन्वय र सुरक्षा प्रवन्ध, अपराध रोकथाम तथा नियन्त्रण, दैनिक रुपमा नियमानुसार नागरिकता तथा राहदानी वितरण, हातहतियार तथा खरखजाना, सार्वजनिक सम्पत्तिको संरक्षण, जुवा जन्य क्रियाकलापको नियन्त्रण, लागूऔषध नियन्त्रण, विपद् व्यवस्थापन, सीमा सुरक्षा, अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ती, उपभोक्ता हित संरक्षण, सरकारी सवारी साधनको समुचित प्रयोगको व्यवस्था मिलाउने र अन्य आकस्मिक सम्पूर्ण कार्यहरू सम्पादन गर्दै आएको छ । जसको विस्तृत विवरण खण्ड ग मा उल्लेख गरिएको छ ।

सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ अनुसार यस कार्यालयबाट प्रदान गरिएको सार्थक सूचनामा सर्वसाधारण नागरिकको हक सुनश्चित गर्न जिल्ला प्रशासन कार्यालय नवलपरासी (ब.सु.प) प्रतिबद्धता छ ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
प्र.जि.अ: ०७८-५२०२०१
०७८-५२०११७
Email: daonawalparasi@gmail.com

प.सं. प्रशा. २०८०/८१

ख) जिल्ला प्रशासन कार्यालयको काम, कर्तव्य र अधिकारः

- जिल्लामा शान्ति व्यवस्था र सुरक्षा कायम गर्ने ।
- जिल्लास्तरमा नेपाल प्रहरी र सशस्त्र प्रहरी परिचालन गर्ने ।
- हातहतियार खरखजाना सम्बन्धी कार्य गर्ने ।
- विष्फोटक पदार्थ नियन्त्रण सम्बन्धी कार्यगर्ने ।
- विदेशी नागरिक उपर रेखदेख र नियन्त्रण गर्ने ।
- यातायात सम्वन्धी काम गर्ने ।
- संघ, संस्था, पत्रपत्रिका सम्बन्धी कार्य गर्ने ।
- स्थानीय प्रशासन सम्बन्धी कार्य गर्ने ।
- नागरिकता दिने र सो सम्बन्धी कारवाही चलाउने ।
- कारागार प्रशासन एंव कारागारको सुरक्षा व्यवस्था मिलाउने ।
- आप्रवास सम्बन्धी काम गर्ने ।
- चिठ्ठा, जुवा आदि नियन्त्रण गर्ने ।
- सार्वजानिक स्थानमा अवान्छनीय क्रियाकलाप रोकथाम र अभद्र व्यवहार आदिको नियन्त्रण गर्ने ।
- प्रकोपमा परेकाहरूको उद्धार र राहतको व्यवस्था मिलाउने र मिलाउन लगाउने ।
- लागू औषध नियन्त्रण सम्बन्धी काम ।
- चलचित्र, हाटवजार, मेला सम्वन्धी कार्य गर्ने ।
- सीमा प्रशासन र ईलाका प्रशासन सम्बन्धी काम गर्ने ।
- जिल्लाभित्र रहेको नेपाल सरकारको सम्पत्तिको रेखदेख, नियन्त्रण, मर्मत संभार आदि कार्य गर्ने ।
- निर्वाचन सम्बन्धी कार्य गर्ने ।
- जीउ मास्ने बेच्ने कार्य नियन्त्रण गर्ने क्रममा आवश्यक काम गर्ने ।
- तस्करी नियन्त्रण गर्ने ।
- नाता प्रमाणित गरिदिने ।
- मुआब्जा निर्धारण सम्बन्धी कार्य गर्ने ।
- घर भाडा निर्धारण सम्बन्धी कार्य गर्ने ।
- नाबालाक, असहाय बालबालिकाको संरक्षण गर्ने ।
- मूल्य नियन्त्रण गर्ने, कृतिम अभाव, जमाखोरी अनुचित लाभ गर्न नदिने र दैनिक उपभोग्य वस्तुको आपूर्तिको प्रबन्ध मिलाउने ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
प्र.जि.अ: ☎ ०७८-५२०२०१
☎ ०७८-५२०११७
Email: daonawalparasi@gmail.com

प.सं. प्रशा. २०८०/८१

- जिल्लास्थित सरकारी कार्यालयहरूको निरीक्षण गरी त्यसको प्रतिवेदन सम्बन्धित निकायमा पठाउने ।
- जिल्लास्थित कार्यालयहरूबीच समन्वय गर्ने ।
- सभा, समारोहको प्रवन्ध मिलाउने ।
- सामाजिक संघ, संस्था, स्कूल, कलेज, स्वास्थ्य निकाय आदिलाई आवश्यक सहयोग पुऱ्याउने ।
- प्रचलित नेपालको कानूनले तोके अनुसारका मुद्धा मामिलामा आवश्यक कारवाही गर्ने ।
- नेपाल सरकारले तोकेको र दिएको निर्देशन अनुरुपको कार्य गर्ने गराउने ।
- जिल्लास्थित प्रख्यात र कुख्यात व्यक्तिहरूको अभिलेख राख्ने ।
- जिल्लाभित्र संचालित विकास आयोजना रेखदेख, समन्वय र सहयोग पुऱ्याउने ।
- मदिरा नियन्त्रण सम्बन्धी कार्य गर्ने ।
- जिल्लास्थित राजनीतिक दलहरूबीच सहज र मैत्री सम्बन्ध बनाउने ।
- नेपाल सरकारको तर्फबाट हुने जिल्लास्थित कार्यमा प्रतिनिधित्व गर्ने ।
- अन्य कुनै पदाधिकारीलाई नतोकिएको कार्य गर्ने ।
- कार्यालय प्रमुखको बैठक गरी जिल्लामा भै रहेका कार्य र समस्याको निराकरणको लागि निकास खोज्ने ।
- जिल्लाको सुरक्षा पाश्र्वचित्र District Security Profile तयार पारी राख्ने ।
- लोकसेवा आयोगबाट अधिकार प्रत्यायोजन भए बमोजिम पदपूर्ति सम्वन्धी काम गर्ने ।
- जिल्लामा ज्यालादर रेट निर्धारण सम्बन्धी कार्य गर्ने ।
- जनतालाई परेको पिरमर्का सम्बन्धी जनगुनासोका सम्बन्धमा छलफल गराई समस्याको समाधान खोज्ने ।
- जिल्लामा दिनै पिच्छे घटेका घटनाहरूको अभिलेख तयार गरी घटनाको महत्व अनुसार दैनिक/मासिक प्रतिवेदन मन्त्रालयमा पठाउने ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
प.सं. प्रशा. २०८०/८१
प्र.जि.अ: ☎ ०७८-५२०२०१
☎ ०७८-५२०११७
Email: daonawalparasi@gmail.com

ग) जिल्ला प्रशासन कार्यालयमा रहेको कर्मचारी संख्या र दरबन्दी विवरण

| सि.नं. | पद | श्रेणी | दरबन्दी संख्या | पूर्ती | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | रा.प.प्रथम | १ | १ | - | |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी | रा.प.द्वितीय | १ | १ | - | |
| ३ | प्रशासकीय अधिकृत | रा.प.तृतीय | ३ | ३ | | |
| ४ | नायव सुब्बा | रा.प.अनं.प्रथम | १० | ९ | १ | |
| ५ | लेखापाल | रा.प.अनं.प्रथम | १ | १ | - | |
| ६ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्रथम | ३ | ३ | | १ करार |
| ७ | खरिदार | रा.प.अनं.द्वितीय | ५ | ५ | | ५ मध्ये १ जना इलाका प्रशासन कार्यालय बुटवल काज |
| ८ | हलुका सवारी चालक | श्रेणीविहिन | २ | २ | - | २ करार |
| ९ | कार्यालय सहयोगी | श्रेणीविहिन | ७ | ७ | | ७ करार |
| | जम्मा | | ३३ | ३२ | १ | |

घ) <u>जिल्ला प्रशासन कार्यालयबाट प्रदान गरिने सेवाः</u>

- नागरिकता,
- राहदानी सिफारिस,
- विपद व्यवस्थापन तथा विपद पीडितलाई आर्थिक सहायता वितरण,
- नाम थर, उमेर संशोधन र प्रमाणित,
- आदिवासी जनजाती, दलित, मधेशी प्रमाणित,
- ठाडो उजुरी/ गुनासो सम्बोधन गर्ने,
- शान्ति सुरक्षाको लागि प्राप्त निवेदन उपर कारवाही गर्ने,
- मुद्धा सम्बन्धी
- मुआब्जा निर्धारण र वितरण गर्ने,
- सवारी दुर्घटनाका मृतकका हकदार/घाईतेलाई क्षतिपूर्ति राहत/औषधी उपचार दिलाई भराईदिने,
- हात हतियार इजाजत नवीकरण र नामसारी सम्बन्धी,
- नाबालक परिचय पत्र सम्बन्धी,
- संस्था दर्ता र नवीकरण/जिल्लामा शाखा खोल्न स्वीकृति
- नीजि सुरक्षा कम्पनी दर्ता नवीकरण एवं पुनः सञ्चालन अनुमति,
- छापाखाना तथा पत्रपत्रिका दर्ता सम्बन्धी,
- द्वन्दको क्रममा मृत्यु भएका व्यक्तिका नजिकका हकदारहरूलाई आर्थिक सहायता वितरण आदि ।



प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)

प्र.जि.अ: ☎ ०७८-५२०२०१
☎ ०७८-५२०११७
Email: daonawalparasi@gmail.com

प.सं. प्रशा. २०८०/८१

ङ) जिल्ला प्रशासन कार्यालयका शाखा र जिम्मेवार अधिकारी

| सि.नं. | शाखा | जिम्मेवार व्यक्ति | जिम्मेवार अधिकारी |
|---|---|---|---|
| १ | स्थानीय प्रशासन शाखा | ना.सु. श्री संगिता ज्ञावली<br>ना.सु.श्री सम्झना काफ्ले<br>ना.सु. श्री चिरन्जीवि पौडेल | प्र.जि.अ.श्री स्किम श्रेष्ठ<br>स.प्र.जि.अ.श्री ध्रुवबहादुर कुँवर<br>प्र.अ. श्री अर्जुन प्रसाद रेग्मी |
| २ | लेखा शाखा | लेखापाल श्री कर्णबहादुर बुढाथोकी | प्र.जि.अ.श्री स्किम श्रेष्ठ<br>स.प्र.जि.अ.श्री ध्रुवबहादुर कुँवर |
| ३ | मुद्धा शाखा | ना.सु. श्री राजकुमार यादव<br>ना.सु.श्री मदन भण्डारी | प्र.जि.अ.श्री स्किम श्रेष्ठ<br>स.प्र.जि.अ. श्री ध्रुवबहादुर कुँवर<br>प्र.अ. श्री अर्जुन प्रसाद रेग्मी |
| ४ | नयाँ नागरिकता शाखा | ना.सु. श्री माया पौडेल<br>ना.सु. श्री अस्मिता खाति<br>ना.सु श्री आशा खड्का<br>क.अ.श्री मन्दिरा पाण्डेय(करार) | प्र.जि.अ.श्री स्किम श्रेष्ठ<br>स.प्र.जि.अ. श्री ध्रुवबहादुर कुँवर<br>प्र.अ. श्री सन्दीप लामिछाने |
| ५ | प्रतिलिपि नागरिकता शाखा | खरिदार श्री अशोक श्रेष्ठ<br>खरिदार श्री कसम राना<br>क.अ. श्री विजय पौडेल | प्र.जि.अ.श्री स्किम श्रेष्ठ<br>स.प्र.जि.अ. श्री ध्रुवबहादुर कुँवर<br>प्र.अ. श्री पिताम्बर खनाल |
| ६ | राहदानी शाखा | खरिदार श्री दयाराम चौधरी<br>खरिदार श्री बिनु के.सी.<br>क.अ. श्री रमेश यादव (स्थानीय दरबन्दी) | प्र.जि.अ.श्री स्किम श्रेष्ठ<br>स.प्र.जि.अ. श्री ध्रुवबहादुर कुँवर<br>प्र.अ. श्री सन्दीप लामिछाने |
| ७ | जिन्सी/कम्प्युटर शाखा | क.अ. श्री सुनिलदत्त कहाँर | प्र.जि.अ.श्री स्किम श्रेष्ठ<br>स.प्र.जि.अ. श्री ध्रुवबहादुर कुँवर |
| ८ | राष्ट्रिय परिचय पत्र शाखा | दर्ता अपरेटर श्री अशोक मल्ल<br>दर्ता अपरेटर श्री ममता लोनिया | प्र.जि.अ.श्री स्किम श्रेष्ठ<br>स.प्र.जि.अ. श्री ध्रुवबहादुर कुँवर<br>प्र.अ. श्री अर्जुन प्रसाद रेग्मी |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
प्र.जि.अ: ०७८-५२०२०१
०७८-५२०११७
Email: daonawalparasi@gmail.com

प.सं. प्रशा. २०८०/८१

च) जिल्ला प्रशासन कार्यालयबाट प्राप्त हुने सेवाको दस्तुर र अवधि:

| सि.नं. | सेवाको किसिम | दस्तुर | अवधि |
|---|---|---|---|
| १ | नयाँ राहदानीको सिफारिस | रू.५,०००।- | सोही दिन इनरोलमेन्ट |
| २ | हराएको राहदानीको सिफारिस | रू.१०,०००।- | सोही दिन इनरोलमेन्ट |
| ३ | नाबालकको राहदानीको सिफारिस | रू.२,५००।- | सोही दिन इनरोलमेन्ट |
| ४ | नयाँ संस्था दर्ताको लागि | रू.१,०००।- | सम्पूर्ण प्रकृया पूरा भएपछि |
| ५ | संस्था नवीकरणको लागि | रू. ५००।- असोज मसान्तसम्म<br>रू १००।- थप पुष मसान्तसम्म<br>रू. २५०।- थप असार मसान्तसम्म | सम्पूर्ण प्रकृया पूरा भएपछि |
| ६ | हातहतियार नवीकरणको लागि | जिल्लाभर रू.२,०००।-<br>नेपाल राज्यभर रू.३,०००।- | सोही दिन |
| ७ | प्रतिलिपि नागरिकताको लागि | रू. १३ को टिकट | सोही दिन |
| ८ | नयाँ नागरिकताको लागि | रू. १० को टिकट | सोही दिन |
| ९ | नाम थर, जातियता, उमेर, आदि प्रमाणित तथा अन्य सिफारिसको लागि | रू. १० को टिकट | सोही दिन |
| १० | विपद पीडितलाई राहत वितरण | - | सोही दिन |
| ११ | ठाडो उजुरी | रू.१० को टिकट | सोही दिन |

छ) निर्णय गर्ने प्रकृया र अधिकारी

- मुद्दा हेर्ने अधिकार प्र.जि.अ. मा रहेको ।
- कार्यालयको सेवा प्रवाह प्रभावकारी बनाउन प्रशासकीय अधिकृत र स.प्र.जि.अ.मा अधिकार प्रत्योजन भएबमोजिम निर्णय हुने गरेको ।
- निर्णय ३ तहमा हुने गरेको फाँटवाला, प्र.अ, स.प्र.जि.अ. र प्र.जि.अ. ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
प्र.जि.अ: ☎ ०७८-५२०२०१
☎ ०७८-५२०११७
Email: daonawalparasi@gmail.com

प.सं. प्रशा. २०८०/८१

ज) निर्णय उपर उजुरी सुन्ने अधिकारी

- प्र.अ.र स.प्र.जि.अ.ले गरेको निर्णय उपर उजुरी सुन्ने अधिकारीः-प्रमुख जिल्ला अधिकारी ।
- प्रमुख जिल्ला अधिकारीले गरेको निर्णय उपर उजुरी सुन्ने अधिकारी मन्त्रालयः- सचिव

झ) जिल्ला प्रशासन कार्यालयबाट सम्पादन भएका कामको विवरणः

| सि.नं. | सम्पादित कामको विवरण<br>२०८१ वैशाख १ गतेदेखि असार मसान्त सम्म | | | | |
|---|---|---|---|---|---|
| १ | नागरिकताको प्रमाण पत्र वितरण | वंशज | वैवाहिक अंगिकृत | अंगिकृत | प्रतिलिपि |
| | | १७१० | ६७ | ११ | ११५८ |
| २ | राहदानी वितरण | २७६८ | | | |
| ३ | द्रुतसेवा मार्फत राहदानीको लागि परराष्ट्र मन्त्रालयमा सिफारिस | ७ | | | |
| ४ | साधारण राहदानी सिफारिस | ३११२ | | | |
| ५ | संस्था दर्ता ऐन, २०३४ बमोजिम दर्ता भएको संख्या | ४ | | | |
| ६ | नवीकरण भएका संस्थाहरूको संख्या | ३५ | | | |
| ७ | हातहतियार नामसारी गरेको संख्या | - | | | |
| ८ | हातहतियार नवीकरण | २० | | | |
| ९ | राजश्व संकलन (राहदानी दस्तुर, धरौटी, संस्था दर्ता/नवीकरण, हातहतियार नामसारी/नवीकरण) | ६८७००५७२।– (वार्षिक) | | | |
| १० | मुद्दा दर्ता | १४ | | | |
| ११ | मुद्दा फछ्र्यौट | ५ | | | |
| १२ | ठाडो उजुरी संख्या | १६८ | | | |
| १३ | राष्ट्रिय परिचय पत्र दर्ता | ६५३४ | | | |
| १४ | राष्ट्रिय परिचय पत्र वितरण | ३६१ | | | |
| १५ | नाबालक परिचय पत्र वितरण | ७० | | | |
| १६ | नामथर, पेन्सन तथा जातियता लगायतका विविध सिफारिस | ७६६ | | | |
| १७ | घरभाडा निर्धारण समितिको बैठक संख्या | | | | |
| १८ | विपद्बाट प्रभावितलाई राहत वितरण | | | | |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
प.सं. प्रशा. २०८०/८१
प्र.जि.अ: ०७८-५२०२०१
०७८-५२०११७
Email: daonawalparasi@gmail.com

ञ) गुनासो सुन्ने अधिकारी, सूचना अधिकारी र प्रमुखको नाम र पदः

- कार्यालय प्रमुखः श्री स्किम श्रेष्ठ, प्रमुख जिल्ला अधिकारी (९८५७०४७७७७)
- सूचना अधिकारीः श्री ध्रुवबहादुर कुवँर, सहायक प्रमुख जिल्ला अधिकारी (९८५७०२९१११)
- गुनासो सुन्ने अधिकारी श्री पिताम्वर खनाल (९८४७०२८०८५)

ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

- स्थानीय प्रशासन ऐन, २०२८
- नागरिकता ऐन, २०६३
- राहदानी ऐन, २०६३
- राष्ट्रिय परिपचयपत्र तथा पञ्जिकरण ऐन, २०७६
- विष्फोटक पदार्थ ऐन, २०१८
- बालबालिक सम्बन्धी ऐन, २०७५
- भ्रष्टाचार निवारण ऐन, २०५९
- मानव अधिकार आयोग ऐन, २०६८
- यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३
- लागु औषध (नियन्त्रण) ऐन, २०३३
- सशस्त्र प्रहरी ऐन, २०५८
- सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४
- संस्था दर्ता ऐन, २०३४
- सार्वजनिक सुरक्षा ऐन, २०४६
- संक्षिप्त कार्यविधि ऐन, २०२८
- होटल व्यवस्था तथा मदिराको विक्रि वितरण (नियन्त्रण) ऐन, २०२३
- उपभोक्ता संरक्षण ऐन, २०७५
- कारागार ऐन, २०७९
- खाद्य ऐन, २०२३
- छापाखाना र प्रकाशन ऐन, २०४८
- जलश्रोत ऐन, २०४९
- जग्गा प्राप्ती ऐन, २०३४
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४
- प्रहरी ऐन, २०१२



प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
प्र.जि.अ: ०७८-५२०२०१
०७८-५२०११७
Email: daonawalparasi@gmail.com

प.सं. प्रशा. २०८०/८१

- उमेर, नाम र जात सच्याउने नियमहरु, २०१७
- नागरिकता नियमावली, २०६३
- कारागार नियमावली, २०२०
- खाद्य नियमावली, २०२७
- छापाखाना र प्रकाशन सम्बन्धी नियमावली, २०४९
- जलश्रोत नियमावली, २०५०
- सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५
- हातहतियार खरखजाना नियमावली, २०२८
- प्रहरी नियमावली, २०७१
- राहदानी नियमावली, २०६७
- सशस्त्र प्रहरी नियमावली, २०६०
- संस्था दर्ता नियमावली, २०३४
- सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७१
- मुलुकी देवानी संहिता, २०७४ र मुलुकी देवानी कार्यविधि संहिता, २०७४
- मुलुकी अपराध संहिता २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४
- नागरिकता वितरण कार्यविधि निर्देशिका, २०६३
- लागुऔषध प्रयोगकर्ताहरुका लागि उपचार तथा पुनःस्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८
- हातहतियार, खरखजाना एवं विष्फोटक पदार्थ व्यवस्थापन निर्देशिका, २०६९
- नागरिकता प्रमाणपत्रको डाटा हेर्ने मात्र पहुँच दिने सम्वन्धी कार्यविधि, २०७५
- सदाचार संहिता, २०७५
- CC TV जडान तथा सञ्चालन सम्वन्धी कार्यविधि, २०७२ (संशोधन सहित)
- राजमार्गमा हुने अवरोध हटाउन गर्नुपर्ने सुरक्षा कारवाहीको कार्यविधि, २०७५
- कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० (संशोधन सहित)
- राष्ट्रिय परिपचयपत्र तथा पञ्जिकरण नियमावली, २०७७
- राष्ट्रिय परिपचयपत्र कार्यक्रम सञ्चालन कार्यविधि, २०७७

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
प्र.जि.अ: ☎ ०७८-५२०२०१
☎ ०७८-५२०११७
Email: daonawalparasi@gmail.com

प.सं. प्रशा. २०८०/८१

ठ) <u>आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः आ.व. ०८०/८१</u>

| क्र.स. | खर्च प्रकार | बजेट उपशिर्षक | कुल बजेट | खर्च | खर्च प्रतिशत | कैफीयत |
|---|---|---|---|---|---|---|
| १ | चालु | जिल्ला प्रशासन कार्यालय (३१४९२०११३) | २६,३०,६००।- | २,५२,८८,५७३।- | ९६.१३% | |
| २ | चालु | राष्टिय परिचयपत्र (३१४०१०११३) | १३,७१,०००।- | १२,०९,५२०।- | ९१.५६% | |
| ३ | पूँजिगत | जिल्ला प्रशासन कार्यालय(३१४९२०११४) | २,८५,५०,०००।- | २,२९,४५,७९८।६९ | ८०.३७% | |

ड) अघिल्लो आ.व.मा कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरणः

प्रशासकीय भवन निर्माण भइरहेको ।

ढ) सार्वजनिक निकायको वेवसाईटको विवरणः

- Website: https://daonawalparasiwest.moha.gov.np
- Gmail ID daonawalparasi@gmail.com
- Mobile Apps: नवलपरासी (सुस्ता पश्चिम-बर्दघाट)
- Facebook Page: <u>(12) जिल्ला प्रशासन कार्यालय नवलपरासी-बसुप | Facebook</u>

ण) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणः-

त) सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति विवरणः-

थ) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषयः

१. सूचना माग भएको संख्याः ७

२. सूचना उपलब्ध गराईएको संख्याः ७

३. सूचना दिइएको विषयः बिभिन्न

द) सार्वजनिक निकायका सूचनाहरू अन्यत्र प्रकाशन भएका वा हुने भए सोको विवरणः

कार्यालयको वेभसाईट र फेसबुक पेज

.........................

(स्किम श्रेष्ठ)

प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी